प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगरको मिति २०८०।१०।०९ गते भएको चौथो वार्षिकोत्सव कार्यक्रममा प्रस्तुत भएको कार्यपत्र

# योग्यतातन्त्रमै योग्यताको बेकदर

प्रा. कृष्ण पोखरेल

## १. प्राक्कथनः

सरकारी जागीर वंश—बफादारी र चाकरीबाट पाउने र हरेक वर्ष हुने पजनीको त्रासबाट गुज्रिनुपर्ने अवस्थाबाट योग्यतातन्त्रमा प्रवेश गर्न पनि नेपाली निजामती सेवाले २००७ सालको क्रान्ति कुर्नुपऱ्यो । यो संवैधानिक बन्दोवस्तलाई ब्यवहारमा उतार्न र निजामती सेवालाई सुधार्न विदेशी विज्ञहरुको पनि सहयोग लिइयो । अन्ततः प्रधानमन्त्री टंकप्रसाद आचार्यको पालामा उनकै अध्यक्षतामा स्वदेशी आवश्यकता पहिचान गर्नसक्ने हैसियतको प्रशासन सुधार आयोग बन्यो र त्यसकै सिफारीसका आधारमा निजामती सेवा ऐन, २०१३ जारी भयो । यसकै माध्यमबाट निजामती सेवाले थप स्थायीत्व पायो । अन्तरिम शासन बिधान, २००७ मा गरिएको संवैधानिक व्यवस्था अनुसार लोक सेवा आयोगको स्थापनालाई योग्यतातन्त्रको प्रत्याभूति गर्ने हिसाबले कोसेढुङ्गा मानिन्छ।

वंशानुगत हैसियतबाट होइन शुद्ध योग्यता वा ल्याकतको हैसियतबाट शासन—प्रशासन चलाउने परिपाटी नै योग्यतातन्त्र हो । इतिहास तिर फर्केर हेर्ने हो भने छैठौं शताव्दी ई.पू. मा चिनीयाँ दार्शनिक कन्फुसियसले धनदौलत वा सामाजिक हैसियतका आधारमा होइन क्षमता र प्रतिभाका आधारमा राष्ट्रसेवक छान्नुपर्ने विचार अघि सारेका थिए र त्यहाँ यसको अभ्यास पनि गरिएको थियो । आजको संसारमा सबैजसो मुलुकमा निजामती सेवामा भर्नाको एक मात्र आधार योग्यतालाई मानिन्छ । सरकारी सेवामा बजारमा उपलब्ध मध्ये सर्वोत्तम प्रतिभालाई कसरी आकर्षित गर्ने भनेर अनेक उपाय गरिन्छन् । हो, त्यसकैलागि निजामती सेवामा प्रवेशका लागि अनेकौं आकर्षक बन्दोवस्त गरिन्छन् ।

## २. शैक्षिक योग्यताको अंकः

शैक्षिक योग्यता बापत दिइने अंकको अभिप्राय बजारमा उपलब्ध मध्ये प्रतिभाशाली मानवस्रोत निजामती सेवामा आकर्षित होओस् र त्यसमा प्रवेश गरोस् भन्ने हो । निजामती सेवा ऐन, २०४९ मा त्यस्तो अंक सेवा प्रवेशको न्यूनतम योग्यताको हकमा ९ र सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत ३ गरी जम्मा १२ अंक राखिएको थियो । यो मूलतः पदोन्नतिको सन्दर्भमा मात्र आकर्षित हुने व्यवस्था थियो । त्यसरी अंक प्रदान गर्दा उम्मेदवारले प्राप्त गरेको श्रेणी अनुसार प्रथम श्रेणीका लागि पूर्णाङ्क र त्यो भन्दा तल्ला श्रेणीहरुका लागि क्रमशः कम अंकको व्यवस्था गरिएको थियो । आवश्यकता चाहिं यो व्यवस्था पदोन्नतिका लागि मात्र नभई सेवा—प्रवेशका लागि पनि लागू गर्नु पर्ने थियो । तर निजामती सेवा ऐनको तेस्रो संशोधनले शैक्षिक योग्यता बापत एक मुष्ट पूर्णाङ्क नै दिने ब्यवस्था गऱ्यो । जुनसुकै श्रेणीमा उत्तीर्ण हुँदा पनि पूर्णाङ्क पाउनु भनेको सबैलाई ऐनमा तोकिए बमोजिम एकमुष्ट ९ र ३ दिनु हो । यो भनेको सबैलाई शून्य दिए बराबर हो किन कि यसले कुनै निर्णायक भूमिका खेल्दैन । यसले प्रतिभा—आकर्षण भन्दा पनि प्रतिभा—विकर्षण गराउँछ ।

हुन त यसरी ऐन संशोधन गर्ने उद्देश्य सम्भवतः निजामती सेवामा सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यतालाई एक वर्षे बि.एड. को प्रथम श्रेणीका माध्यमबाट सच्याएर पूर्णाङ्क लिने विकृत अभ्यास र त्यसलाई लोक सेवा आयोग र सर्वोच्च अदालतसम्मले बैध ठहऱ्याएको अवस्थालाई रोक्नु थियो होला । तर यो त सडकमा राती चोर हिंड्छन् भनेर त्यसलाई रोक्नका लागि नागरिकलाई पनि हिंड्न रोक्ने जस्तो भयो । ऐनको अभ्यासका सिलसिलामा उब्जिएको एउटा विकृतिलाई रोक्ने नाममा योग्यतातन्त्रका दृष्टिबाट यस्तो पश्चगामी ब्यवस्था राख्नु गलत हो । यो योग्यतातन्त्रलाई संस्थागत गर्नुपर्ने संस्थामा नै योग्यताको बेकदर भयो ।

अनि केन्द्रीय तहको निजामती सेवा ऐनको यही योग्यताको बेकदर गर्ने अभ्यासको सिको सिकेर कोशी प्रदेशको प्रदेश निजामती सेवा ऐन २०७९ को दफ ३९मा पनि हुबहु यही ब्यवस्था गरिएको छ ।

अचम्मको कुरा के भने यी दुवै ऐनमा तालिम बापत प्रथम, द्वितीय र तृतीय श्रेणीका लागि फरक फरक अङ्क दिने पुरानो ब्यवस्थालाई मजाले निरन्तरता दिइएको छ । यदि फरक अङ्क भारको न्यायसंगत ढंगले ब्यवस्थापन गर्न सकिंएन वा त्यसमा विकृति देखा परेकाले सच्याउन आवश्यक भयो भने त्यही कुरा तालिमको फरक—फरक अङ्कभारको हकमा पनि लागू हुन्छ होला । तर यहाँ त्यसो गरिएको छैन ।

यो व्यवस्थाले विश्वविद्यालयका अब्वल पास आउट जो निजामती सेवामा प्रवेश गर्न चाहन्छन् ती निरुत्साहित हुन्छन् । जसका कारण निजामती सेवा तुलनात्मक रुपमा कम योग्यहरुको क्रिडास्थल बन्छ । यसरी ट्यालेन्ट हन्ट हुँदैन । अतः यसलाई सच्याउन जरुरी छ ।

**३. समाधानको उपायः**

अतः यदि हाम्रो निजामती सेवामा योग्यतातन्त्रलाई त्यसको सही भावना अनुसार लागूगर्ने हो भने निजामती सेवा प्रवेशका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता होस् वा एक तह माथिको शैक्षिक योग्यता होस् दुवैमा उम्मेदवारले प्राप्त गरेको उपाधिको श्रेणीलाई उचित स्थान दिनैपर्छ । हो, त्यसो गर्दा बिगतमा सेवा प्रवेशको न्यूनतम शैक्षिक उपाधिको श्रेणीलाई पछि प्राप्त गरेको डिग्रीबाट सच्याउने/विस्थापित गर्ने विकृत अभ्यास र त्यसमा लोक सेवा आयोग र सर्वोच्च अदालतको स्वीकृतिबाट सबक लिनुपर्छ । त्यसका लागि कानुनमा नै प्रष्टसँग सेवा प्रवेश गर्दा कुनै राष्ट्रसेवकले आफूले पेश गरेको न्यूनतम शैक्षिक योग्यतालाई पछि सच्याउन नपाइने प्रावधान राखिनु पर्छ । जहाँसम्म सेवा प्रवेश गर्दा चाहिने न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको कुरा छ त्यसमा त सम्बन्धित उपाधि सेवासँग सान्दर्भिक छ छैन भन्ने मात्र जाँच गर्ने कुरा हो र त्यो त सेवा सञ्चालन गर्ने मन्त्रालयले गरिहाल्छ ।

यसरी उपाधिको श्रेणीका आधारमा फरक फरक अंकको ब्यवस्थागर्न सकियो भने विश्वविद्यालयबाट निस्केका प्रतिभाशाली उम्मेदवारहरु निजामती सेवामा आकर्षित हुने बाटो खुल्छ । अझ यो ब्यवस्था बढुवाका लागि मात्र होइन, सेवा—प्रवेशका लागि पनि राख्न सकियो भने बजारमा उपलब्ध मध्ये योग्यतम मानव संसाधनलाई निजामती सेवामा प्रवेश गराउन सकिन्छ । र अझ बढी प्रतिभाशाली र कार्यकुशल राष्ट्रसेवकबाट नागरिकले सेवा प्राप्त गर्न पाउँछन् । यो व्यवस्था बढुवाका लागि एकतह माथिको उपाधिको हकमा पनि लागू गर्नुपर्छ ।

**४. छड्के प्रवेश** (Lateral entry) **बारेः**

निजामती सेवामा छड्के प्रवेशले प्रशासनमा नयाँ संस्कृतिको प्रवेश गराउँछ । यसका साथै यसले सहभागितामूलक शासनको प्रवद्र्धन गर्छ । प्रशासनको गुणवत्ताको अभिवृद्धि गराउँछ ।

त्यसैले संसारका धेरै  मुलुकको प्रशासनमा खास गरी नीति निर्माणको तहमा केही प्रतिशत सीट छड्के प्रवेशका लागि राख्नेगरेको पाइन्छ । नेपालले पनि अहिले प्रचलनमा रहेको निजामती सेवा ऐनको दफा ७(१६) मा नाम छड्के प्रवेश नभने पनि त्यसकै भाव बोक्ने  प्रावधान राखेको छ । तर केही खास  कारणहरुले त्यसको भाव अनुसार यो अघि बढेन । पहिलो त त्यसमा  अन्तर्राष्ट्रिय संघ संस्था वा निजी संगठित संस्थामा काम गरेका उम्मेदवारका अतिरिक्त नेपाल कै सरकारी सेवाकै कर्मचारीहरुलाई पनि आवेदन खुला गरियो । यो त निजामती सेवाकै केही पढाकुहरुका लागि डवल प्रोमोशनको ढोका बन्यो र यसले झन निजामती सेवाको पदसोपानलाई नै खल्वल्याइदियो । दोस्रो, ती पदमा छनौटका लागि राखिएका पाठ्यक्रम निजामती सेवा भन्दा बाहिरका उम्मेदवारलाई सुहाउने भएन वा यसो भनौं पाठ्यक्रम ती मैत्री भएन । र, तेस्रो, अन्तर्राष्ट्रिय संघ संस्थामा वा नेपालकै अन्य सेवामा काम गरिरहेकाहरुलाई आकर्षित गर्ने खालको सेवा, सुविधा भएन । केन्द्रको निजामती सेवा ऐनको सिको सिकेर कोशी  प्रदेश निजामती सेवा ऐनको दफा ८ को (२) मा पनि झण्डै त्यस्तै व्यवस्था गरिएको छ । यसमा संघीय निजामती सेवाका र अन्य प्रदेशका निजामती सेवाकाहरुलाई पनि आवेदन खुला गरिएको छ । अतः यी ब्यवस्थाहरुमा सान्दर्भिक सुधार गरेर निजामती सेवा भन्दा बाहिरका जनशक्तिलाई प्रवेश गराउने वातावरण बनाउनु पर्छ । अनि मात्र छड्के प्रवेशको उद्देश्य पूरा हुन्छ ।

**५. प्रदेश  लोक सेवा आयोग र निजामती सेवाले ध्यान दिनुपर्ने कुराः**

प्रदेशहरुमा स्थापना भएका लोक सेवा आयोगहरुका सामू लोक सेवा आयोगको गरिमा र साख जोगाउने चुनौती छ । अहिले सम्म सञ्चार माध्यममा कुनै नकारात्मक सम्चार नआएकोले यी आफ्नो काममा सही ढंगले अगाडि बढिरहेको बुझिन्छ । यिनले आफ्नो वार्षिक क्यालेण्डर बनाउँदा संघमा रहेको लोक सेवा आयोगको वार्षिक क्यालेण्डरसँग तालमेल बसाउन जरुरी छ । त्यसो भयो भने निजामती सेवामा प्रवेशका आकांक्षीहरुलाई अवसर त प्राप्त हुन्छ नै एकै उम्मेदवारले एक भन्दा बढी लोक सेवा आयोगका परीक्षामा सामेल भएर छनोटको दोहोरपन र त्यसबाट उत्पन्न साधन स्रोतको अपब्यय रोक्न सहज हुन्छ ।

दोस्रो कुरा, प्रदेश लोक सेवा आयोगबाट निजामती सेवामा प्रवेशका लागि सिफारीस भएकाहरुका लागि सेवा प्रवेशको तालिमसँग सम्बन्धित छ । अहिले सम्म त्यस्तो तालिमको ब्यवस्था नभएकाले सेवा प्रवेशका लागि सिफारीस हुना साथ ती काममा लाग्नु पर्छ । यसले ती कर्मचारीले प्रदेश सरकार वा स्थानीय सरकारले मात्र होइन सेवाग्राही समेतले अपेक्षा गरे अनुसारको गुणस्तरीय सेवा दिन सक्दैनन् । कुनै बेला नेपाल सरकारले सबैका लागि तालिम भन्ने नारा र नीति नै तय गरेको थियो । त्यसका लागि केन्द्रमा स्टाफ कलेज मात्र होइन अन्य थुप्रै प्राविधिक स्तरका तालिम केन्द्रहरु खोलिएका छन् । हुन त कोशी प्रदेशमा पनि तालिम केन्द्रको ब्यवस्था गरिएको छ । त्यसलाई साधन स्रोत सम्पन्न बनाएर सेवा प्रवेश लगत्तै केही महिनाको भए पनि तालिमको ब्यवस्था यथाशक्य शीघ्र शुरु गर्न जरुरी छ ।

निष्कर्षमा भन्न सकिन्छ, योग्यतातन्त्रलाई बढावा दिने र कदर गर्ने परिपाटी अपनाउन सकियो र छड्के प्रवेशलाई त्यसको सही मनसाय अनुसार अवलम्बन गर्न सकियो भने त्यसले प्रदेश निजामती सेवा थप अब्बल बन्नसक्छ । सेवा प्रवेश गरेकाहरुलाई तालिमको अनिवार्य ब्यवस्थागर्न सकियो भने ती सेवाग्राहीको सेवामा थप कार्यकुशल ढंगले प्रस्तुत हुनसक्छन् ।